# आर्थिक वर्ष २०७६/०७७ को नीति, कार्यक्रम तथा बजेट

जिरी नगरपालिका

## जिरी नगरपालिका

### दोलखा जिल्ला

प्रदेश नं ३,नेपाल

## खण्ड १- परिचय र समिक्षा

१.१ पृष्ठभुमी

१.२ चालु आ.व ०७५/०७६ को नीति तथा कार्यक्रमको समिक्षा

## खण्ड २- आगाम आ.व २०७६/०७७ को नीति तथा कार्यक्रम र बजेट

२.१ लक्ष्य, उदेश्य र प्राथमिकता

२.१.१. उद्देश्य

२.२.२ प्राथमिकता

२.२ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरीएका प्रमुख क्षेत्रगत नीतिहरु

२.२.१ क्षेत्रगत नीति

(क) आर्थिक विकास सम्बन्धि

(ख) संस्थागत विकास र सेवा प्रवाह सम्बन्धि

(ग) सामाजिक विकास सम्बन्धि

(घ) वित्तीय व्यवस्थापन तथा सुशासन सम्बन्धि

(ङ) पूर्वाधार विकास सम्बन्धि

(च) वातावरण तथा विपद व्यवस्थापन सम्वन्धि

२.३ नगरका गौरवका तथा महत्वपूर्ण योजनाहरु

२.४ अनुमानित व्यय, स्रोत व्यवस्थापन र प्रस्तावित कार्यक्रमहरु

अनुसूची १ आय व्ययको विवरण (सारांश)

अनुसूची २ आन्तरिक आम्दानीको शीर्षकगत विवरण

अनुसूची ३ चालु खर्चको शीर्षकगत खर्च विवरण

अनुसूची ४ वडा स्तरीय पूर्वाधार कार्यक्रमको विवरण

यस नगरसभाका अध्यक्ष ज्यू

नगरसभाका सदस्य ज्यूहरु

राष्ट्रसेवक कर्मचारी साथीहरु

उपस्थित पत्रकार मित्रहरु

सुरक्षा निकायका मित्रहरु

नगरपालिका

र अन्य उपस्थित सम्पूर्ण महानुभावहरु सवैमा अभिवादन तथा नमस्कार

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको अभ्यास पछिको नयाँ अनुभव, नयाँ चुनौती र नयाँ जिम्मेवारी सहित जिरी नगरपालिकाको चौथो नगरसभा शुभारम्भ गर्न गईरहेको शुभ अवसरमा नगरसभाको यस ऐतिहासिक र गौरवमय सभालाई सम्वोधन गर्दै आर्थिक वर्ष २०७६/०७७ मा नगरले अवलम्वन गर्ने प्रमुख नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्षित भएको छु । यस गरीमामय सभामा नेपाल र नेपालीको स्वतन्त्रता तथा समृद्धिकालागि आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । यसैगरी लोकतान्त्रिक आन्दोलनको अगुवाई गर्ने अग्रजहरु, सहभागिता जनाउने नगरवासीहरु र विकास एवं समृद्धिको आकाक्षां राख्ने सम्मूर्णमा हृदयदेखि आभार प्रकट गर्न चाहन्छु ।

नेपालको संविधानले नेपालमा संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने लक्ष्य लिइएको परिप्रेक्षमा संघीय सरकारले लिएको "**समृद्ध नेपाल सुखी नेपाली**" वनाउने दिर्धकालीन उदेश्यलाई यस नगरले Clean Jiri, Green Jiri and Organic Jiri को अभियान मार्फत सफल बनाउन अघि वढिरहेको सन्दर्भमा यस जिरी नगरपालिकाको नीति, कार्यक्रम र बजेट सोहि लक्ष्य प्राप्तिमा केन्द्रित रहेको समेत स्मरण गराउन चाहन्छु ।

संघीय शासन व्यवस्थाको आधार स्तम्भको रुपमा रहेको स्थानीय सरकारका हामी प्रतिनिधिहरु शासन प्रणालीलाई संस्थागत गर्ने जिम्मेवारीका साथ आज यस नगरसभामा उपस्थित भएका छौं ।

**चालु आ.व को समीक्षा**

जनप्रतिनिधिको रुपमा निर्वाचित भएको दोस्रो वर्ष पूरा भएको परिप्रेक्षमा पहिलो वर्षको जस्तो यस वर्ष कार्यकालका दृष्टिले नौलो अनुभव रहेन । आवश्यक जनशक्तिको कमी, भौतिक संरचनाको कमी तथा नीतिगत व्यवस्थाको कमिका बाबजुत यस आर्थिक वर्षमा निर्माण भएका महत्वपूर्ण ऐन, नियम तथा कार्यविधिका कारण तथा सिमित जनशक्तिको पनि कुशल परिचालन गर्न सक्षम राजनैतिक एवं प्रशासकिय नेतृत्वका कारण यस वर्षको कार्यकाल मूलभूत रुपमा सफल भएको अनुभव भएको छ जसले नयाँ जिम्मेवारी पूरा गर्न सक्ने आत्म विश्वास समेत बढाएको छ । यस सन्दर्भमा म यहाँ यस आर्थिक वर्षमा भएका महत्वपूर्ण कार्यको समिक्षात्मक विश्लेषण गर्न चाहन्छु ।

**भौतिक पूर्वाधार**

१. नगरको गौरवको योजनाको रुपमा रहेको जिरी तालको DPR निर्माण सम्झौताको अवस्थामा पुगेको छ भने यस आ.व.मा DPR तयार गरी निर्माण थालनीको प्रकृयामा पुगिनेछ ।
२. नगरपालिकाका सबै ९ वटै वडामा बाह्रै महिना सवारी चल्न सक्ने सडक निर्माण गर्ने लक्ष्य अनुरुप कम्तिमा ५ वटा वडामा बाह्रै महिना सवारी साधन चल्न सक्ने अवस्थामा पुगेको छ । कठिन भौगोलिक अवस्था र सिमित

वजेटको कारण लक्ष्य अनुरुप सबै वडामा बाह्रै महिना सवारी चल्ने वातावरण बन्न नसकेता पनि क्रमश यस आ.व. मा बाँकी वडामा समेत सवारी चल्न सक्ने अवस्था सिर्जना गर्ने प्रयास हुनेछ ।

३. यसैगरी यस आ.व. मा नियमित तथा आकस्मिक सडक मर्मत दुरी १७० कि.मि रहेको छ भने नगरको करिव ४५ कि.मि सडक स्तरोन्नति गरीएको छ ।

४. प्रदेश सरकार र नगरपालिकाको साझेदारीमा नगरको महत्वपूर्ण सडक लहरेमाने चिपचिपे सडकको ठेक्का प्रकृया समाप्त भई, सम्झौता सम्पन्न भई निर्माण चरणमा रहेको छ ।

५. यस आ.व. मा नगरका ३ वटा वडा कार्यालय निर्माण सम्पन्न भईसकेका छन् भने २ वटा निर्माण चरणमा रहेका छन् । यसै गरी नगरपालिकाको कार्यालय भवन सुविधा सम्पन्न र सुरक्षित अवस्थामा पुगेको छ ।

**सेवा प्रवाह तथा सुशासन**

गुणस्तरीय, भरपर्दो, नागरीकमैत्री र सर्वसुलभ सेवा प्रवाह गर्ने उदेश्यले विभिन्न समयमा वडा वडामा घुम्ती सेवा संचालन गरीएको, आ.व को अन्त्यमा (वर्षाको समय) हुने विकासलाई रोक्ने उदेश्यले चैत्र महिनासम्म योजना सम्झौता गरी वैशाख अन्तिम सम्म भुक्तानी लिई सक्नुपर्ने व्यवस्थालाई कार्यान्वयन गर्नाले यस आ.व. मा वर्षाको समयमा हुने विकासको अवस्था करिव करिव अन्त भएको तथा अधिकांस योजना समेत निर्धारित समयमानै सम्पन्न भई भुक्तानी समेत भईसकेको अवस्था रहेको छ ।

**स्थानीय कानून निर्माण**

नेपालको संविधानले स्थानीय सरकारलाई दिएको अधिकार अन्तर्गत यस आ.व. मा १६ वटा ऐन, नियम तथा कार्यविधि तर्जुमा गरीएको । जसबाट नगर संचालनमा कानूनी र विधिगत आधार तयार भएको छ ।

**न्याय सम्पादन**

यस अवधिमा नगर उपप्रमुखको नेतृत्वमा न्याय सम्पादनमा पूर्ण अग्रसरता लिई नगरमा दर्ता भएका जम्मा ६१ वटा विवाद मध्ये ३ वटा अदालति प्रकृयामा गएका र प्रहरी प्रशासन समक्ष ४ वटा विवाद समाधानका लागि गएका थिए भने बाँकी ५४ बटा विवाद आपसी छलफल र मेलमिलामको माध्यमबाट समाधान भएका थिए । जसलाई न्याय सम्पादनको दृष्टिले अभूतपूर्व सफलताको रुपमा लिईएको छ । यसै सन्दर्भमा मेलमिलाप कर्ताहरुको सूचिकरण समेत गरी सामुदायिक स्तरमा भएका सामान्य विवाद समाधान गर्न यिनै मेलमिलाम कर्ताको प्रयोग गर्ने गरीएको छ ।

**सामाजिक सुरक्षा**

जेष्ठ नागरीक, दलित, जनजाति, महिला, वालवालिका, अपाङग लगायतका वर्गकालागि क्षमता विकास, सशक्तिकरण तथा आयआर्जनको लागि सीपमूलक तालिम संचालन गरी उद्यमसिल वनाउने प्रयास स्वरुप विभिन्न

सीपमूलक तालिम संचालन गरीएको तथा जेष्ठ नागरीक र अपाङगता भएकाव्यक्तिले आधारभूत सेवाबाट वञ्चित हुन नपरोस भनी सोको परिचयकालागि जेष्ठ नागरीक तथा अपाङगता परिचयपत्र वितरण गर्ने कार्य निरन्तर गरीएको छ। जेष्ठ नागरीकले सो परिचय पत्रको आधारमा बार्षिक रु ५००० हजार सम्मको उपचार जिरी अस्पतालबाट निशुल्क प्राप्त गर्ने व्यवस्था मिलाईएको छ।

**वातावरण तथा विपद व्यवस्थान**

Clean Jiri, Green Jiri र Organic Jiri को मर्मलाई आत्मसाथ गर्दै वातावरण संरक्षणमा विशेष जोड दिएका कारण जलाधार संरक्षण तथा पानीका मुहान संरक्षण भई वातावरण सन्तुलित हुन योगदान पुगेको छ। यसै गरी यस आ.व. मा विपदबाट विभिन्न वडामा भएको क्षतिले नागरीकलाई पर्न गएको असरको प्रभाव कम गर्ने प्रयास स्वरुप क्षतिको अवस्थाहेरी ४६ जना पिडितलाई नगद राहत सहयोग गरीएको छ।

**आर्थिक विकास**

युवालाई कृषिमा आकर्षित गरी उद्यमशिल वनाउने नीति अनुरुप युवा लक्षित वेमौसमि तरकारी खेतीको लागि टनेल निर्माण गर्न ५०% अनुदान दिईएको, किवी वगैचामा थाङग्रा निर्माण गर्नको (प्रति थाङग्रा रु १४१० पर्ने) लागि ५०% अनुदान दिईएको, आलुको गुणस्तर वृद्धि गर्ने उदेश्यले आलुको पूर्व मूल विउ (३०००दाना) र गुणस्तरीय आलु विउ (१३५० के.जी) वितरण गरीएको तथा आलुको विउ संरक्षण गर्ने उदेश्यले विभिन्न स्थानमा राष्टिक स्टोर निर्माण गरीएको यसै गरी आधुनिक मौरीघार वितरण मार्फत अर्गानिक मह उत्पादन गर्ने लक्ष्य अनुरुप १०० वटा आधुनिक मौरीघार वितरण गरी सकिएको छ। यसै गरी सबै वडाका विभिन्न किसान तथा कृषि समुहलाई जमिन जोत्न प्रयोगहुने १८ वटा पावर टिलर वितरण गरी सकिएको छ। पशुपालनको हकमा चौरीलाई ७५% अनुदानमा दाना (मकै) उपलब्ध गराईएको छ भने यसै गरी चौरी गोठमा १००% अनुदानमा ३५ जना चौरी कृषकलाई सोलर प्यानल उपलब्ध गराईएको छ। नश्ल सुधार अन्तर्गत गाई भैसीलाई कृतिम गर्वाधानको सेवा दिईरहेको छ भने २ वटा ट्रेविज निर्माण सम्पन्न हुने अवस्थामा रहेको छ। कृषकलाई १ हप्ते दुग्ध प्रशोधन तथा दुग्ध पदार्ध विविधिकरण तालिम सम्पन्न गरीएको छ।

**स्वास्थ्य**

यस नगरवासीको स्वस्थ्य सुविधा पहुँचलाई सर्वसुलभ बनाउन तेङिमा दाडोमा लामा स्मृति प्रतिष्ठानद्वारा नगरपालिकामा हस्तान्तरण भएका २ वटा एम्वुलेन्स र १ वटा शव वहान मध्ये जिरी अस्पतालबाट संचालन व्यवस्थापन हुनेगरी १ एम्वुलेन्स र १ वटा शव वहान तथा श्यामा स्वास्थ्य चौकी वडा नं १ वाट संचालन व्यवस्थापन हुनेगरी १ एम्वुलेन्स सेवा सुचारु गरीसकिएको छ। यसै गरी स्वास्थ्यमा सम्पूर्ण नगरवासीको पहुँच पुर्याउने प्रमुख उदेश्य राखिएको यस आ.व. मा उल्लेख्य रुपमा संस्थागत प्रसुतिमा बृद्धि भएको छ। महिला स्वास्थ्य स्वंय सेविकाको मनोवल उच्च

बनाउनको लागि संचार खर्च रु २ लाख ५५ हजार रुपैया वितरण गरीएको, गाउं घर तथा खोप क्लिनिकलाई क्रमश व्यवस्थित गर्नको लागि यस वर्ष वडा नं ७ को सिक्रीमा ६ लाख बरावरको खोपकेन्द्र निर्माण सम्पन्न गरीएको छ। नेपाल सरकारको पूर्ण खोपयुक्त नगरपालिका वनाउने उदेश्यलाई आत्मसाथ गर्दै नगरका अधिकांश वालवालिकाको खोजि गरी सबै खाले खोपको दायरामा ल्याउने प्रयास सफल भएको छ।

**आर्थिक वर्ष २०७६/७७ को बजेटको प्रमुख उद्देस्य तथा प्राथमिकता देहाय बमोजिम रहेका छन्।**

**उद्देस्य**

१. दिगो भौतिक पूर्वाधार र सुधारिएको सडक यातायात संजाल निर्माण गर्नु
२. स्थानीय उत्पादन र उत्पादकत्वलाई अभिवृद्धि गरी नगरवासीलाई आत्मनिर्भर बनाउन उद्यमशिलताको विकास गर्नु।
३. कृषिमा आयमूलक रोजगारी सिर्जना गरी युवा जनशक्तिलाई कृषि पेशामा आकर्षित गर्नु
४. उच्च गुणस्तरको पर्यटन प्रवर्धन मार्फत रोजगारी र आयआर्जनको भरपर्दो र दिगो स्रोत निर्माण गर्नु।
५. गुणस्तरीय र सीपयुक्त दक्ष जनशक्ति निर्माण गर्नु।
६. नगरका हरेक क्रियाकलापलाई वजेट प्रणालीमा आवद्ध गराई सुशासन कायम गर्नु।
७. सार्वजनिक सेवालाई सर्वसुलभ भरपर्दो र गुणस्तरीय बनाउनु।

**प्राथमिकता**

१. दिगो र वातावरणमैत्री स्थानीय पूर्वाधारको विकास
२. रोजगारीका अवसर सिर्जना
३. तुलनात्म लाभ भएका निर्यातयोग्य र प्रतिस्पर्धि कृषि उत्पादनमा वृद्धि
४. पर्यटन पूर्वाधारको विकास
५. गुणस्तरीय शिक्षाको विकास तथा स्वास्थ्यमा सम्पूर्ण नगरवासीको पहुँच
६. सुशासन कायम
७. गुणस्तरीय सार्वजनिक सेवा
८. भूकम्पको पुनर्निर्माणमा समन्वय र सहजिकरण

**नगरले आ.ब. ०७६/७७ मा अबलम्बन गर्ने नीतिहरु,**

नगरद्वारा मूलत आफूले लिएको "Clean Jiri, Green Jiri र Organic Jiri" को दिर्घकालिन लक्ष्यलाई आत्मसाथ गर्दै आफ्नो समृद्धिको यात्रालाई अगाडि वढाउने नीतिहरु अवलम्वन गर्नेछ।

**१. आर्थिक विकाससम्बन्धि नीति**

**१.१ कृषि**

१.१.१ विद्यमान परम्परागत कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्न ज्ञान, सिप बढाइनेछ र प्रविधिको उपयोगमा जोड दिइनेछ।

१.१.२ कृषक/उद्यमी केन्द्रित र कृषक/उद्यमीमैत्री नीति निर्माणमा जोड दिइनेछ।

१.१.३ किवी, आलु, र तरकारी उत्पादनमा आत्मनिर्भरताका लागि उत्पादनका पकेट, ब्लक, जोन तथा सुपरजोनको विकास गरी सघन व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ।

१.१.४ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको मागलाई मध्येनजर गर्दै अर्गानिक फर्म स्थापना गरी जिरीलाई अर्गानिक खाना उपलब्ध हुने नगरको रुपमा विकास गरीने छ।

१.१.५ खेतीयोग्य जग्गालाई बाँझो राख्ने प्रवृति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको दीगो उपयोगका लागि उपयुक्त योजना तयार गरी कार्यान्वयन गरिनेछ।

१.१.६ कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवं वितरण प्रणालीमा नयाँ प्रविधिको विकास,अवलम्बन र आधुनिकीकरण गरिनेछ।

१.१.७ सामुदायिक /निजि अवधारणामा फलफूल तथा तरकारीको नर्सरी स्थापना गरी कृषकहरुलाई आत्मनिर्भर बनाईनेछ।

१.१.८ विद्यमान कृषि उपजलाई भण्डारण, प्रशोधन तथा बजारीकरण गर्न नगर क्षेत्रमा चिस्यान केन्द्र (Cold Store) स्थापना गरी कृषि उपजलाई व्यवसायिक बनाउन संघीय सरकार तथा प्रदेश सरकारसंग आवश्यक समन्वय गरिनेछ।

१.१.९ स्वदेशमा नै रोजगारी सृजना गरी युवा जनशक्तिको विदेश पलायन रोक्ने, विदेशबाट कृषि सम्बन्धि ज्ञान सीप र पुँजी सहित फर्केका युवाहरुलाई कृषि पेशामा आबद्ध गर्न कृषिमा युवा बिशेष कार्यक्रम संचालन गरिनेछ।

१.१.१० रासायनिक मल, रासायनिक बिषादीहरुको असन्तुलित, अनियन्त्रित प्रयोग तथा त्यस्ता उत्पादित वस्तुहरुको उपभोगले जन स्वास्थ्य र पर्यावरणमा गम्भिर असर पार्ने हुनाले त्यसको नियन्त्रण गर्न ठोस योजना निर्माण गरी कार्यान्वयनमा ल्याईने छ ।

१.१.११ गुणस्तरीय उत्पादन सामाग्री र कृषि यन्त्रीकरणका लागि कृषक मैत्री औजार, उन्नत प्रविधि एवं सुलभ कृषि कर्जाको लागि समन्वय गरिनेछ।

**१.२ पशुपालन**

१.२.१ पशुधन तथा मत्स्य विमा सम्बन्धि कार्यक्रमको लागि समन्वय गरिनेछ।

१.२.२ चौरीपालक कृषकलाई सुलभ कर्जामा पहुच, दाना उत्पादनमा सहजिकरण लगायतका सुविधा वृद्धि गरी चौरीपालन व्यवसायमा आकर्षित गरिनेछ।

१.२.३ नगर क्षेत्रभित्र रहेका सम्पूर्ण पशुपालक कृषकहरुको पशुपंक्षीहरुलाई पशु स्वास्थ्य उपचार सेवा उपलब्ध गराइनेछ।

१.२.४ नश्लसुधारको माध्यामले स्थानीय पशुहरुमा गुणात्मक सुधार ल्याइनेछ।

१.२.५ पशु आहारामा सुधार ल्याउन विभिन्न बहुवर्षिय घाँस खेती गर्ने, पशु चरणको व्यवस्था मिलाई डाले घाँसको विरुवा उत्पादन र वितरण गर्न आवश्यक नर्सरी स्थापना गरिनेछ।

१.२.६ पशुधन सुरक्षाको लागि विभिन्न रोगबाट बचाउँन आकस्मिक खोप सेवाहरु संचालन गरिनेछ।

१.२.७ कृषकहरुले उत्पादन गरेको कृषि उपज तथा पशुजन्य पदार्थको बजारीकरणमा समन्वय तथा सहजिकरण गरिनेछ।

१.२.८ स्थानीय कुखुरा र बाख्राको व्यवसायीक उत्पादनमा प्रोत्साहित गरिनेछ। व्यवसायीक रुपमा बंगुर, हाँस लगायतका अन्य मासुजन्य उत्पादन बढाउन जोड दिइनेछ।

**१.३ पर्यटन**

१.३.१ यस नगरलाई सफा, स्वच्छ तथा हरित वातावरणमा रहि प्राङ्गारिक खानाको स्वाद सहित विदा मनाउने गरी स्वदेशि तथा विदेशी पाहुनाको लागि आकर्षक गन्तव्यको रुपमा विकास गर्ने नीति अवलम्वन गरिनेछ

१.३.२ वस्ती हरियाली तथा सौन्दर्यकरण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।

१.३.३ सबै धर्मावलम्वीहरुलाई आकर्षितगरी धार्मिक पर्यटन प्रवर्धन गर्न तथा धार्मिक पर्यटनको महत्वपूर्ण गन्तव्यको रुपमा विकास गर्न यहाँ रहेका प्रमुख गुम्वा, मन्दिर, चर्च आदिको निर्माण तथा जिर्णोद्वार गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ।

१.३.४ स्थानीय नगरवासीलाई स्थानीय उत्पादनबाट अतिथि सत्कार गर्न प्रोत्साहित गरिनेछ। कृषि पर्यटन, पर्या पर्यटन, शैक्षिक पर्यटन, सहकारी पर्यटन, होमस्टे आदिलाइ प्रोत्साहित गरिनेछ।

१.३.५ बुद्धपार्क, टोनिहेगन पार्क, खावाडाँडा पार्क (भ्यू टावर सहित), स्टोन पार्क र जिरी तालको गुरुयोजना तयार गरी सकेको हुनाले ती योजना  प्रदेश सरकार समेतको सहयोगमा कार्यान्वयन गरिनेछ।

१.३.६ तेन्जिङ तथा एडमण्ड हिलारीको सम्झनासंग जोडिएको संरचनालाई उचित संरक्षण गरी त्यसलाई तेन्जिङ हिलारी पार्क नामाकरण गरी पर्यटकको महत्वपूर्ण गन्तव्यको रुपमा विकास गरिनेछ।

१.३.७ जिरी नगरपालिका भित्रका गुरु रिम्पोछे र जिरीताललाई गौरवको आयोजनाको रुपमा लिई सो सम्वन्धि कार्यलाई निरन्तर अगाडि वढाईनेछ ।

१.३.८ धार्मिक पर्यटन विकासका लागि जिरी नगरपालिका वडा नं ७ मा पर्ने हनुमन्ते डाँडामा हनुमानको अग्लो टावर निर्माण गर्ने कार्यका लागि प्रदेश सरकार, वैत्यश्वर गा.पा. तथा गौरिशंकर गा.पा. समेतसंगको सामुहिक साझेदारीमा कार्यक्रम वनाई कार्यान्वयन गर्ने आवश्यक पहल गरिनेछ ।

**१.४ सहकारी**

१.४.१ गरीविमा पिल्सिएका नगरवासीलाई सीप तथा आय आर्जनमा गोलवन्द गर्नको लागि महिला सहकारी, कृषि सहकारी, लघुउद्यम सहकारी गठन गर्न प्रोत्साहीत गरी यस्ता संस्थाको संचालनमा नगरपालिकाबाट विशेष सहयोग गरिनेछ ।

१.४.२ स्थानीय सहकारी सम्वन्धि क्षमता अभिवृद्धिको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

१.४.३ निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउदै करार सम्झौतामा आधारीत तथा सहकारी खेतीलाई प्रथामिकता दिई मूल्य श्रृंखला पद्धति अनुसार उत्पादनदेखि बजारिकरण सम्मका कार्यक्रमहरु एकिकृत रुपमा संचालन गरिनेछ ।

१.४.४ सहकारी सम्वन्धि राष्ट्रिय, प्रादेशिक र स्थानीय संघ संस्थासंग समन्वय र सहकार्य गरिनेछ ।

१.४.५ प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरुको पहिचान एवं उत्पादन वृद्धि गरी उत्पादित प्राङ्गारिक वस्तुको ब्राण्ड प्रवर्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारिकरण गर्ने सहकारी सस्थाहरुलाई प्रोत्साहित गरिनेछ ।

१.४.६ यस नगरपालिका नगरकार्यपालिकाले निर्माण गरेको सहकारी ऐनको मापदण्डभित्र रहनेगरी नगरभित्र भएका सहकारीहरु व्यवस्थित गरिनेछ । साथै नगरभित्रका सहकारीहरुको सूचिकरण गर्ने अनुगमन, मूल्याङ्कन गर्ने तथा नियमन गर्ने कार्य गरिनेछ ।

**२. संस्थागत विकास र सेवा प्रवाह सम्बन्धि नीति**

२.१ विषेश कार्यक्रमको रुपमा जिरी नगरपालिकालाई विभिन्न वडा कार्यालयहरु निर्माण गर्न जग्गा दान गर्ने दाताहरु तथा विभिन्न विधामा उत्कृष्ट नगरका महानुभावलाई नगर दिवसको अवसरमा विशेष सम्मान गर्ने कार्यक्रम संचालन गरिनेछ ।

२.२ सेवा प्रवाह चुस्त, दुरुस्त, भरपर्दो र जनमुखी बनाउँदै नागरीकमैत्री सेवा प्रवाहलाई उच्च प्राथमिकतामा राखिनेछ ।

२.३ न्याय सम्पादन कार्यमा पूर्ण अग्रसरता लिई न्यायिक प्रकृयालाई भरोसायोग्य बनाईनेछ । साथै समाजमा भएका सामान्य विवाद र द्वन्दलाई मेलमिलापको माध्यमद्वारा समाधान खोज्ने प्रयास गरिनेछ ।

२.४ सम्पूर्ण कर्मचारीहरुको कार्यविवरण बनाई कार्यान्वयन गरिनेछ तथा त्यसैको आधारमा मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ ।

२.५ नगरपालिकाबाट स्वीकृत भएका ऐन, नियम, नीति, कार्यविधिलाई उच्च प्राथमिकताका साथ पालना गरिनेछ। स्वीकृत ऐन नियम नगरपालिकाको वेव साईटमा राखी सर्वसाधारणको जानकारीका लागि संप्रेशण गर्ने तथा समयानुकुल अध्यावधिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

२.६ ऐन नियम तथा कार्यविधिलाई समयानुकुल हुनेगरी संसोधन तथा परिमार्जन गरिनेछ।

२.७ सार्वजनिक सम्पत्तिमा हुने अतिक्रमणलाई रोक्ने नीति अख्तियार गरिनेछ।

२.८ यस नगरबाट निर्माण सम्पन्न हुने हरेक योजनाको अनुगमन पश्चात मात्र भुक्तानी दिने व्यवस्थालाई कडाईकासाथ लागु गर्ने पद्धतिको विकास गरिनेछ।

**३. सामाजिक विकास नीति**

**धर्म संस्कृति रितिरिवाज तथा परम्परा**

१. यसनगर भित्र रहेका मन्दिर, गुम्बा, चर्च जस्ता ऐतिहासिक, सांस्कृतिक तथा पूरातात्विक सम्पदाको संरक्षण, संवर्धन र विकासलाई निरन्तरता दिन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

२. समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायलाई न्यूनीकरणमा सहयोग पुर्याउने खालको जनचेतनामूलक कार्यक्रमको सञ्चालनलाई निरन्तरता दिइनेछ।

**शिक्षा, युवा तथा खेलकुद**

१. आधारभूत शिक्षामा सबैको पँहुच सुनिश्चित गर्न आर्थिक रुपमा अति कमजोर परिवारका बालबालिकाको अध्ययनलाई सहज बनाउन छात्रवृत्ति दिने व्यवस्था गरीने छ।

२. नगर शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि यथोचित व्यवस्था मिलाइने छ।

३. नगर शिक्षा ऐनको संशोधन तथा नगर शिक्षा नियमावली निर्माण गरी लागू गरीने छ। साथै शिक्षामा निजीक्षेत्रको लगानीलाई व्यवस्थित तथा नियमन गर्न आवश्यक निर्देशिका एवं कार्यविधि बनाई कार्यान्वयन गरीने छ।

४. अतिरिक्त क्रियाकलापहरुको माध्यमबाट विद्यार्थीहरुको चौतर्फी विकासमा सहयोग पुरयाउने खालका विगतका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ।

५. सामुदायिक विद्यालयहरुमा सञ्चालनमा रहेको बहुतह बहुस्तर सिकाइ (MGML) पद्धतिको कार्यान्वयनलाई थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाइने छ।

६. नगरभित्रका विद्यालयहरुमा विद्यमान नगर शिक्षा ऐनअनुरुप व्यवस्थापन समिति र हरेक वडामा शिक्षा समितिको गठन गरी व्यवस्थापन समिति तथा वडा शिक्षा समितिका पदाधिकारीहरु र विषयगत शिक्षकहरुको क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गरीने छ।

७. नगर स्तरमा सर्वोत्कृष्ट सिकाइ उपलब्धि हासिल गर्ने विद्यार्थी, विद्यालय तथा शिक्षकहरुलाई थप प्रोत्साहित गर्न उपयुक्त मापदण्ड निर्धारण गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ।

८. नगरस्तरमा लिइने आधारभूत तह उत्तीर्ण परीक्षालाई थप व्यवस्थित गर्नुका साथै अन्य कक्षा तथा तहको मूल्यांकन प्रणालीलाई समेत व्यवस्थित बनाइनेछ।

९. नगरभित्रका विद्यालयहरुको आवश्यकताको सर्वेक्षण गरी थप व्यवस्थित बनाउन विद्यालयहरुको समायोजन, तह तथा कक्षा थपघट गर्ने नीतिको कार्यान्वयन गरीने छ।

१०. नगरपालिकाले अवलम्बन गरेको Clean Jiri, Green Jiri र Organic Jiri को दिर्धकालिन लक्ष्यको कार्यान्वयनलाई सघाउ पुर्याउन विद्यालयस्तरबाट विद्यार्थीहरुको परिचालन गर्ने, सचेतनामूलक कार्यक्रमहरुको सञ्चालन गर्ने, विद्यालयहरुमा फूलबारी निर्माण तथा वृक्षारोपण गर्ने जस्ता कार्यक्रमहरुलाई जोड दिई उत्कृष्ट हरित विद्यालयको मूल्याङ्कन तथा छनोट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ।

११. विद्यालय र समुदायमा सिकाइमैत्री वातावरण निर्माणमा सघाउ पुग्ने गरी शैक्षिक मेला तथा सम्मेलनको आयोजना गरीने छ।

१२. सचेत अभिभावक, निपूण विद्यार्थी निर्माणका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरीने छ।

१३. स्वस्थ, सक्षम र अनुशासित नागरीक निर्माणका लागि खेलकुद विकास गर्न एकवडा एक खेल मैदान र नगरस्तरीय एक रंगशाला र कभर्ड हल निर्माणका लागि आवश्यक पहल गरिनेछ।

१४. नगरभित्रका खेल प्रतिभाहरुको पहिचान, प्रवर्द्धन तथा विकासका लागि नगरस्तरमा विभिन्न खेलहरुको आयोजना गर्नुको साथै नगरभित्र र बाहिर आयोजित खेलहरुमा सहभागिताका लागि आवश्यक व्यवस्था मिलाइने छ। साथै युवाहरुलाई उद्यमी बनाउनको लागि प्रोत्साहित गरिनेछ।

१५. नगरपालिका स्थापना भएको दिनलाई खेलकुद दिवश घोषणा गरी विभिन्न खेलकुद कार्यक्रमहरुको आयोजना तथा खेल प्रतिभाहरुको सम्मान जस्ता कार्यक्रमहरु सञ्चालन गरीने छ

**स्वास्थ्य**

१. आमा र नवजात शिशुको पोषण स्तर अभिवृद्धि गर्ने उदेश्यले यस जिरी नगरभित्र सुत्केरी हुने प्रत्येक आमालाई रु २५००।- का दरले नगरद्वारा थप नगद सुविधा उपलब्ध गराईनेछ (त्यस्तो सुविधा लिन नगरले निर्धारण गरेको आवश्यक मापदण्ड पुरा गरेको हुनुपर्ने छ)

२. प्रदेश सरकारको "**एक विद्यालय एक नर्स**" कार्यक्रम अन्तर्गत चालु आ.व मा जिरी माध्यामिक विद्यालयलाई छनौट गरी सामाजिक विकास मन्त्रालय प्रदेश नं ३ को समन्वयमा विद्यालयमा स्वास्थ्य सेवा, वाल स्वास्थ्य प्रवर्धन, प्रजनन् तथा यौन स्वास्थ्य परामर्श जस्ता सेवा प्रवाह गरिनेछ।

३. नगरवासीको औसत आयु बढाउन, मातृशिशु र बालमृत्युदर घटाउन तथा सुनौलो हजार दिन कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाइने छ।

जिरी नगरपालिका

४. समस्त जिरीबासीको स्वास्थ्यलाई प्रवर्द्धन गर्न खोप कार्यक्रम, कुष्ठरोग कार्यक्रम, परिवार नियोजन कार्यक्रम, किशोरकिशोरी तथा अन्य सचेतनामूलक कार्यक्रमहरु प्रभावकारीरुपमा सञ्चालन गर्न र गर्भवती तथा सुत्केरीसँग उपमेयर कार्यक्रमलाई अघि बढाइनेछ ।

५. नगरभित्रका स्वास्थ्य चौकीबाट प्रवाहित सेवालाई प्रभावकारी बनाउन स्वास्थ्य कार्यकर्ताहरुको क्षमता विकास तालिम सञ्चालन, औषधी तथा स्वास्थ्य सामग्री ढुवानीको उचित प्रबन्ध, आवश्यकतानुसार गाउँगाउँमा स्वास्थ्य शिविरहरुको सञ्चालन, संघबाट प्राप्त स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालनका लागि आवश्यक थप रकमको व्यवस्था मिलाउनुका साथै महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि प्रोत्साहित गर्ने खालका कार्यक्रमहरु तय गरी कार्यान्वयन गरीने छ ।

६. साथै ज्येष्ठ नागरीक, अपांग तथा असहाय व्यक्तिहरुका लागि निशुल्क स्वास्थ्य सेवाको व्यवस्था मिलाइने छ । त्यस्तैगरी एम्बुलेन्स सेवालाई प्रभावकारीरुपमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

७. जिरी अस्पतालबाट प्रवाहित सेवाको गुणस्तर वृद्धि गर्न बिरामीको लागि खाद्यान्नको व्यवस्था, भौतिक संरचनाको मर्मत संभार तथा अति आवश्यकीय सहायकस्तरको कर्मचारीको समेत यथोचित प्रबन्ध गरिनेछ साथै "**एक वडा एक स्वास्थ्य संस्था**" भन्ने संघीय स्वास्थ्य नीतिलाइ अवलम्बन गरिनेछ ।

**महिला, बालबालिका तथा जेष्ठ नागरीक**

१. महिलासम्बन्धी विद्यमान कानुनहरुको अभिमुखीकरण, नगरस्तरीय नारी दिवशको आयोजना मार्फत लैङ्गिक सचेतना अभिवृद्धि गर्दै लैङ्गिक हिंसाको न्यूनीकरण गरीने छ ।

२. **"प्रदेश र स्थानीय तहको एउटै सन्देश, बालविवाहमुक्त हाम्रो प्रदेश"** भन्ने नारालाई प्राथमिकता दिई कार्यान्वयन गरीने छ । साथै जिरी नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्न आवश्यकीय कार्यक्रमहरु सञ्चालन गरीने छ ।

३. स्थानीय सरकारलाई बालबालिकाप्रति उत्तरदायी बनाउन स्थानीय एफ.एम. स्टेशनमा बालबालिकासँग मेयर कार्यक्रम सञ्चालन गरी सूचनाको आदानप्रदान तथा पारस्परिक सञ्चारको व्यवस्था मिलाइने छ ।

४. प्रत्येक विद्यालयका आँखा कमजोर भएका विद्यार्थीको लागि चस्मा वितरण कार्यक्रमलाई अगाडि बढाइनेछ ।

५. बालअधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न नगरस्तरमा बालसञ्जालको गठन तथा विद्यालयस्तरमा बालक्लवहरुको गठन गरी नगरपालिकामा दर्ता गराई विविध सचेतामूलक कार्यक्रमहरुमा सहभागी हुने व्यवस्था मिलाइने छ ।

६. ज्येष्ठ नागरीकहरुको हक हितको सम्मान तथा संरक्षणको लागि विभिन्न संस्थागत व्यवस्थाहरु गर्नुको साथै ज्येष्ठ नागरीकहरुको अभिनन्दन, नगरभित्रका स्वास्थ्य संस्थाहरुमा निशुल्क स्वास्थ्य सेवा, सामाजिक सुरक्षा भत्तालाई सहजढंगबाट वितरणको व्यवस्था लगायतका कार्यहरु गरीने छ ।

जिरी नगरपालिका

७. नगरवाट प्रदान गर्दै आएको जेष्ठ नागरीक कार्ड वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

**अल्पसंख्यक, दलित जनजाति तथा अपाङ्गता**

१. यसनगरपालिकाभित्रको जनसंख्यासम्बन्धी सबैखाले तथ्याङ्क वडास्तरमा संकलन गरी गरीब तथा बेरोजगार, अल्पसंख्यक, दलित, जनजाति र अपांगता भएका व्यक्तिसम्बन्धी तथ्याङ्क वर्गीकरण तथा अभिलेख व्यवस्थापन गरीलक्षित कार्यक्रमहरुको निर्माण तथा सञ्चालन गरिनेछ।

२. नगरभित्रका अपांगता भएका व्यक्तिहरुको हक हितको संरक्षण गर्न अपाङ्गता भएका व्यक्तिको पहिचान गरी अपांगता परिचय पत्र वितरणको व्यवस्था मिलाई सहायता सामाग्रीहरुको व्यवस्था तथा सहायतामूलक तालिमको व्यवस्था गरीनुको साथै अपांग दिवश मनाउने कार्यको थालनी गरीने छ।

**गैर सरकारी संघसस्था**

१. नगरपालिका क्षेत्रमा कार्यरत गैरसरकारी संघ/सस्थाले संचालन गर्ने कार्यक्रममा आवश्यक समन्वय एवं नियमन गर्न संस्था परिचालन तथा व्यवस्थापन निर्देशिका तयार गरी कार्यान्वयन गरिनेछ।

२. नगरपालिकाले योजना तथा कार्यक्रममा दोहोरोपन नआउने गरी योजना तथा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईनेछ।

३. नगरपालिका भित्र कृयाशिल गैरसरकारी संघसस्था वा व्यक्ति मार्फत सञ्चालन हुने योजना तथा कार्यक्रमलाई थप प्रभावकारी बनाउन नगरस्तरीय अनुगमन संयन्त्र निर्माण गरी अनुगमनको व्यवस्था गरिनेछ।

४. गैरसरकारी संघसस्था वा व्यक्तिद्धारा नगरपालिका भित्र सञ्चालित योजना तथा कार्यक्रमहरुको अर्धवार्षिक तथा वार्षिक मुल्यांकन तथा समीक्षा गरिनेछ ।

५. नगरपालिका र गैरसरकारी संघसस्था वा व्यक्ति बीच नगरभित्र हुने कार्यका सम्वन्धमा सहकार्य, समन्वय तथा सहजीकरण गरिनेछ।

६. गैर सरकारी संघसंस्था वा व्यक्तिसंग लागत साझेदारीमा समेत योजना तथा कार्यक्रम संचालन गर्नका लागि म्याचिङ फण्डको व्यवस्था गरिनेछ। लागत साझेदारीमा समेत योजना तथा कार्यक्रम संचालन गरिनेछ।

**पुनर्निर्माण**

१. जनप्रतिनिधिका रुपमा निर्वाचित भएपछि हाम्रो मुख्य प्राथमिकता भूकम्प पछिको पूनर्निर्माण थियो यसै कुरालाई मध्य नजरगर्दै तोकिएकै समयमा नीजि आवास निर्माण कार्य सम्पन्न गर्न ठोस योजना र कार्यतालिका अघि सार्ने नीति अवलम्वन गरिनेछ।

**सरसफाई तथा खानेपानी**

१. **"एक घर एक धारा"** भन्ने संघीय सरकारको नीतिलाई यस नगरको हकमा समेत आत्मसाथ गर्दै जाने नीति लिईनेछ।

२. खानेपानी सुविधा नपुगेका ठाउँमा जनताको पहुँच विस्तारका साथै खानेपानीको गुणस्तर सुधारमा विशेष ध्यान दिईनेछ।

३. खानेपानीको गुणस्तर सुधारका लागि मूलत खानेपानीका मुहान सुधार कार्यक्रमलाई प्राथमिकतामा राख्ने नीति अख्तियार गरिनेछ।

४. फोहोरमैला व्यवस्थापनको लागि फोहरलाई कुहिने र नकुहिने फोहरमा वर्गिकरण गरी व्यवस्थापन गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

५. नगरको सौन्दर्यता कायम राख्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने नगरका खोला नाला तथा पानीका श्रोतमा प्रदूषित पानी तथा फोहरमैला फाल्ने कार्यलाई पुर्णत नियन्त्रण गर्ने नीति लिईनेछ।

६. प्रदेश सरकार तथा संघीय सरकारसंग आवश्यक समन्वय गरी नगरका प्रमुख शहरी क्षेत्रमा ढल निकास तथा फोहर पानीको प्रशोधन गर्ने व्यवस्था मिलाईनेछ।

७. वृटिस वेलफेयरद्वारा निर्माण भएका खानेपानी योजनाहरुको मर्मत संभारको कोषको लागि पहिलो पटक प्रति योजना रु ५०,०००।- सहयोग उपलब्ध गराइनेछ।

**युवा, श्रम तथा रोजगारी**

१. नगरभित्र लगानीमैत्री वातावरण निर्माण गरी लगानी भित्र्याउने तथा युवा लक्षित सीप मूलक र व्यवसाय मूलक तालिम संचालन गरी युवाहरुलाई पर्याप्त रोजगारीको अवसर सृजना गर्ने नीति अख्तियार गरिनेछ।

२. विदेश पलायन हुने युवा सोचलाई निरुत्साहित गरी नमुनाको रुपमा युवा व्यवसायकि कार्यक्रम संचालन गर्ने नीत अख्तियार गरिनेछ।

३. नगरभित्र रहने हरेक श्रमिकको अधिकारको संरक्षण गर्दै श्रमको उचित सम्मान गर्ने व्यवस्था मिलाईनेछ।

४. संघीय सरकारद्वारा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमलाई कार्यविधि अनुसार कार्यन्वयन गर्न आवश्यक समन्वय गरिनेछ।

## ४. वित्तीय व्यवस्थापन तथा सुशासन नीति

४.१नगरवासी, राजनैतिक दल, नागरीक समाजको सल्लाह सुझावलाई सम्मान गर्दै विगत देखि लागु हुदै आएको एकिकृत सम्पत्ति करलाई पुन: संरचना गरी घर र घरले चर्चेको जग्गालाई मात्र एकिकृत सम्पत्ति कर लगाई

बाँकी जग्गामा मालपोत कर लगाउने कानूनी व्यवस्थालाई कार्यान्वयन गरिनेछ । जसवाट स्थानीय नागरीकलाई कर छुटको महशुस हुनेछ ।

४.२ आन्तरिक आम्दानीलाई पारदर्शी बनाई कर तिर्ने वातावरण बनाउन आन्तरिक आम्दानीबाट उठेको रकम **"जनताको कर जनताकै लागि"** भन्ने नाराका साथ स्थानीय पूर्वाधार विकास कार्यक्रममा नै खर्च गर्ने रणनीति अवलम्वन गरिनेछ ।

४.३ नगरको शान्ति सु-व्यवस्था र अमनचयन कायम राख्न तथा अपराध अनुसन्धानमा महत्वपूर्ण भूमिका निर्वाह गर्न नेपाल प्रहरिसंग समन्वय गरी नगरका प्रमुख स्थानमा CCTV क्यामरा राख्ने व्यवस्था मिलाईनेछ ।

४.४ स्थानीय संचित कोष संचालन र व्यवस्थापनमा एकरुपता र मितव्यीता कायम गर्न लागु भएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली SuTRA(Sub-national Treasury Regulatory Application) लाई प्रभावकारी ढंगले लागु गरिनेछ ।

४.५ कार्यसम्पादनमा सूचकमा आधारित प्रोत्साहन प्रणाली अवलम्वन गरिनेछ ।

४.६ कर्मचारिको न्यूनतालाई मध्यनजर राख्दै एक भन्दा बढी वडामा सेवाप्रवाह गर्न खटिने वडा सचिव तथा कार्यालय र वडा दुवै हेर्ने कर्मचारीलाई अतिरिक्त सुविधा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

४.७ सम्पूर्ण वडा कार्यालयहरुमा ईन्टरनेट सेवा पुर्याई सेवा प्रवाहलाई थप चुस्त र प्रभावकारी वनाईनेछ ।

४.८ नगरक्षेत्र भित्र संचालित विभिन्न प्रकारका व्यवसायीहरुको लगत संकलन गरी व्यवसाय दर्ता गर्ने प्रकृयालाई व्यवस्थित गरिनेछ ।

४.९ भएका वेरुजु फर्स्यौट गर्न अधिकतम प्रयास गरिनेछ तथा वेरुजु घटाउन उल्लेख्य सुधार गरिनेछ ।

४.१० उपभोक्ता, कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकासका कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ ।

४.११ नगरको कर तथा गैरकर राजश्वको संभावनालाई आकलन गरी आन्तरिक आम्दानी वृद्धि गर्न राजश्व सुधार कार्ययोजना तयार गरिनेछ ।

## ५. पुर्वाधार विकास नीति

### सडक तथा पदमार्ग

१. गुरु रिम्पोछे मुर्ति र बौद्ध केन्द्र निर्माण सम्बन्धि कार्यहुने स्थान सम्म जोड्ने रातमाटे-पटासे सडकलाई नगरको नमुना हरित सडकको रुपमा विकास गरिनेछ । साथै प्रदेश सरकारको आर्थिक सहयोगमा यस सडकको स्तरोन्नति यसै वर्ष सम्पन्न गरिनेछ ।

२. चेर्दुङलाई नगरको प्रमुख पर्यटकिय गन्तव्यको रुपमा विकास गर्ने हेतुले पटासे-चेर्दुङ पदमार्ग सुधार तथा पदमार्गमा विश्राम स्थल निर्माण गर्ने कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

३. नयाँ सडक खोल्ने कार्यलाई निरुत्साहित गर्ने र भैरहेका सडकको स्तर उन्नति गर्ने यस नगरको मौजुदा नीतिलाई निरन्तरता दिईनेछ ।

४. नगरपालिका कार्यालयबाट सबै वडा कार्यालय जोड्ने सडकलाई बाह्रै महिना चल्नेगरी स्तरोन्नति गर्ने कार्यलाई उच्च प्राथमिकता दिईनेछ।

५. डोजर, स्काभेटर जस्ता भारी सवारी साधनको प्रयोगमा कडाई गर्ने नीतिलाई अख्तियार गरिनेछ।

६. नगरपालिका भित्रको मुख्य सडकबाट शाखा सडक खोल्दा नगरपालिकाको अनुमति विना खोल्न नपाईने नीतिलाई अवलम्वन गरिनेछ।

७. नगरका मुख्य सडकमा पर्ने खोलाहरुमा संघीय तथा प्रदेश सरकारको समन्वयमा मोटरेवल पुल तथा अन्य अत्यावश्यक स्थानमा झोलुङ्गे पुल निर्माण गर्न आवश्यक पहल गरिनेछ।

८. प्रदेश सरकारको सहयोगमा मानेडाँडा गोलाई देखि नगरको मुख्य कार्यालय भवन सम्मको सडक स्तरोन्ती यसै वर्ष सम्पन्न गरिनेछ।

९. नगरको उत्तर दक्षिण जोड्न लाईफ लाईन मानिने **जिरी-किर्ने सडक** तथा नगरलाई पूर्व पश्चिम जोड्न महत्वपूर्ण भूमिका खेल्ने **अस्तला-भोर्ले सडक** लाई प्रदेश सरकारको समन्वयमा कार्यन्वयन गर्ने गरी आवश्यक व्यवस्था मिलाईनेछ।

**विद्युत, उर्जा तथा संचार**

१. विद्युत सुविधाबाट वञ्चित छरिएर रहेका घरपरिवारलाई सौर्य उर्जाको माध्यमबाट विद्युत सेवा पुर्याईनेछ।

२. दुर संचार सेवा प्रदायकहरुको सहकार्यमा दुरसंचार सेवालाई भरपर्दो र नियमीत गराई कार्यालयलाई प्रविधिमैत्री बनाईनेछ।

**भवन तथा अन्य संरचना**

१. निर्माण गर्न बाँकी रहेका वडा कार्यालय भवन निर्माण गर्ने कार्य तथा अत्यावश्क अन्य संरचना निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ।

२. जिरी नगरपालिका वडा नं ५ वसपार्क स्थित नगरपालिकाको स्वामित्वमा रहेको जग्गामा नगर विकास कोषको ऋण तथा नगरपालिकाको साझेदारीमा सपिङ कम्प्लेक्स निर्माण गर्ने कार्य आगामी आ.व मा शुरु गरिनेछ।

३. नगरपालिकाको कार्यालय भवनलाई सुरक्षित, व्यवस्थित र प्रविधिमैत्री बनाईनेछ।

४. व्यवस्थित शहरी विकासका पूर्वाधार निर्माण गर्न प्रदेश तथा संघीय सरकारसंग समन्वय गरिनेछ।

**उद्योग**

१. कृषि तथा जडीवुटीमा आधारित लधु उद्योग स्थापना गरी रोजगारीका अवसर सिर्जना गर्न प्रोत्साहन गरिनेछ।

२. नगरभित्रका सम्भाव्य खानीजन्य वस्तुहरुको अनुसन्धान, अन्वेषण र उत्खननका कार्यक्रम अगाडि बढाईनेछ।

३. सहकारीमा आधारित लघु उद्यम, घरेलु तथा साना उद्योग स्थापना गर्न विशेष जोड दिईनेछ।

जिरी नगरपालिका

४. स्थानीय स्तरमा उत्पादित वस्तुको ब्रान्डिङ गरी निर्यात गर्न सहजिकरण गर्ने व्यवस्था मिलाईनेछ।

५. स्थानीय जडीवुटी तथा उच्च मूल्यका फलफूल उत्पादनलाई प्रोत्साहन गरिनेछ।

## ६. वातावरण तथा विपद् व्यवस्थापननीति

६.१ जिरीलाई हरित नगरको रुपमा विकास गरी प्रत्येक जिरी नगरवासीलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्ने आधार तय गर्न नगरवासीको साझेदारीमा वृक्षारोपण तथा वन संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

६.२ यस नगरले लिएको Clean Jiri, Green Jiri र Organic Jiri को दिर्धकालिन लक्ष्यलाई प्रवर्द्धन गर्ने कार्यक्रमलाई व्यापक रुपमा अगाडि बढाइनेछ। यसकालागि निम्न उपाय अवलम्वन गरिनेछ।

६.२.१. प्रत्येक घरपरिवार तथा टोललाई फोहरलाई ३ भागमा वर्गिकरण गर्न प्रोत्साहित गरिनेछ।

६.२.२ फोहरमैलाको उचित व्यवस्थापन गर्न स्थाई संकलन र व्यवस्थापन केन्द्र निर्माण गर्ने उपयुक्त स्थान खोजि गरी निर्माण गर्ने कार्य अगाडि बढाईनेछ।

६.२.३ टोल टोलबाट वर्गिकृत फोहरलाई सवारी साधनको माध्यमवाट संकलन केन्द्रमा पुर्याई उचित व्यवस्थापनका उपाय अवलम्वन गरिनेछ।

६.२.४ टोलतथा वस्तिहरुलाई फोहरजन्य क्रियाकलाप गर्न निरुत्साहित गरिनेछ।

६.२.५ घरपरिवार तथा टोलहरुलाई फोहरमैलाको उत्पादनमा कमी, प्रशोधन गर्ने तथा पुन: प्रयोग गर्ने सम्वन्धी चेतना अभिवृद्धिको कार्यक्रम अगाडि बढाईनेछ।

६.२.६ प्लास्टिकका सामानको प्रयोगलाई न्यूनिकरण गर्ने तथा प्लास्टिकका झोलाको प्रयोगलाई निरुत्साहित गर्दै प्लास्टिक झोलामुक्त जिरी वनाउनेकार्यमा टोल विकास समितिको सक्रियतालाई प्रोत्साहित गरिनेछ।

६.२.७ जिरी नगरलाई प्रदुषित बनाउन भूमिका खेल्ने प्लास्टिक पोल्ने तथा खाडलमा गाड्ने कार्यलाई पूर्णत निषेध गरिनेछ।

६.३ संयुक्त राष्ट्र संघको वातावरण सम्वन्धी कोष (GEF) अन्तरगत पारिस्थितीकीय प्रणालीहरु संरक्षण गर्दै जीविकोपार्जन सुधार (EbAII) कार्यक्रम संचालन गरिनेछ। साथै जैविक विविधता, पर्यावरण तथा वातावरण संरक्षण सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम अगाडि वढाईनेछ। जसकालागि तालिम, गोष्ठी र सेमिनारका कार्यक्रम संचालन गरिनेछ।

६.४ स्वच्छ, सफा र हराभरा कायम राख्न खालीठाउँमा वृक्षारोपण गर्ने तथा वातावरणमैत्री कार्यलाई उच्च प्राथमिकता दिईनेछ।

६.४.१ हरेक घरपरिवारलाई घरपरिसरमा देख्ने ठाउँमा फूलहरु रोप्ने कार्यलाई प्रोत्साहित गरिनेछ।

६.४.२ हरियाली र सुन्दर टोल बनाउन प्रोत्साहित गर्न उत्कृष्ट टोललाई पुरस्कृत गरिनेछ।

